आज मिति २०८१/।११/१३ गतेका दिन तमानखोला गाउँपालिकाका अध्यक्ष श्री जोकलाल बुढाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसि देहाय बमोजिमको निर्णयहरु गरियो ।

<u>तपसिल :</u>

| | | |
|---|---|---|
| श्री जोकलाल बुढा | अध्यक्ष तमानखोला गाउँपालिका | अध्यक्ष |
| श्री हिरा कुमारी छन्त्याल | उपाध्यक्ष तमानखोला गाउँपालिका | सदस्य |
| श्री थम वहादुर रोका | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. १ | सदस्य |
| श्री नारायण सुनार | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. २ | सदस्य |
| श्री झक वहादुर वुढा | अध्यक्ष तमानखोला गाउँपाालिका वडा नं. ३ | सदस्य |
| श्री छ प्रसाद श्रीपाली | अध्यक्ष तमानखोला गाउँपालिक वडा नं. ४ | सदस्य |
| श्री हिरा वहादुर वि.क. | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. ५ | सदस्य |
| श्री चित्र वहादुर छन्त्याल | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. ६ | सदस्य |
| श्री देवसरा वि.क. | कार्यपालिका सदस्य | सदस्य |
| श्री मन कुमारी वुढाथोकी | कार्यपालिका सदस्य | सदस्य |
| श्री भिम कुमारी छन्त्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री मिना कुमारी कामी | कार्यपालिका सदस्य | सदस्य |
| श्री हिक्मत जक्तपुरी | कार्यपालिका सदस्य | सदस्य |
| श्री ढालेन्द्र छन्त्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री अमित परियार | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

आज मिति २०८१/११/१३ गतेका दिन कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु :

प्रस्ताव नं. १ :

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ :

समपुरक र विशेष अनुदानका योजना तथा कार्यक्रम माग सम्बन्धमा ।

प्रस्ताव नं. ३ :

दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ४ :

धौलागिरी बहुमुखि क्याम्पस र निसीभुजी जनता क्याम्पसमा तमानखोला छात्रवृत्ति सहयोग कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ५ :

तमानखोला गाउँपालिका दलित विकास समिति सञ्चालन कार्यविधि र तमानखोला गाउँपालिका आदिवासी जनजाती विकास समिति सञ्चालन कार्यविधि सम्बन्धमा ।

प्रस्ताव नं. ६ :

तमानखोला गाउँपालिकाको स्वास्थ्य संस्थाको सामाजिक परीक्षण कार्यविधि सम्बन्धमा ।

प्रस्ताव नं. ७ :

वडा स्तरिय तथा गाउँपालिका स्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको मासिक प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ८ :

महिला विकास कार्यक्रमको बजेटको कार्यक्रम शीर्षकगत बाँडफाँड सम्बन्धमा।

प्रस्ताव नं. ९ :

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना सम्बन्धमा।

प्रस्ताव नं. १० :

मेडिकल अधिकृतको पदपुर्ति सम्बन्धमा ।

CS CamScanner

मिति २०८१/११/१३ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु :

निर्णय नं. १:

अघिल्लो गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरू कार्यान्वयनको क्रममा रहेको हुँदा सोको प्रभावकारिता अभिवृद्धिका लागि सबैले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नु पर्ने निचोड सहित अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २:

नेपाल सरकारले आ.व. २०८२/८३ सालमा उपलब्ध गराउने समपुरक र विशेष अनुदान माग गर्नका लागि समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को अधिनमा रहि देहायका योजना तथा कार्यक्रमहरु प्रस्ताव गर्ने ।

(क) समपुरक अनुदानका लागि प्रस्तावित योजनाहरु

| प्राथमिकताक्रम | योजनाको नाम | कुल लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | बोङ्गादोभान खुंखानी नर्जा सडक स्तरोन्नती | १,००,००,०००/- | |
| २ | जनता प्रा.वि. भवन निर्माण (वडा नं. १) | १,००,००,०००/- | |
| ३ | गाउँपालिका स्तरिय खेल मैदान निर्माण (वडा नं. ३ तमान) | १,००,००,०००/- | |

(ख) विशेष अनुदानका लागि प्रस्तावित कार्यक्रमहरु

| प्राथमिकताक्रम | योजनाको नाम | कुल लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | प्रविधिमैत्री शिक्षण सिकाई कार्यक्रम | १,००,००,०००/- | |
| २ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम | १,००,००,०००/- | |
| ३ | दलित समुदायको उत्थान तथा विकासको लागि उत्पादकत्व वृद्धि, आयआर्जन तथा जिविकोपार्जन सुधार कार्यक्रम | १,००,००,०००/- | |

CamScanner

साथै, समपुरक अनुदान माग गर्नका लागि प्रस्ताव गरिएका उक्त योजना/कार्यक्रमहरु बहुवर्षिय तथा ठूला योजना नभई एक वर्षभित्र सम्पन्न गरिने कम लागत अनुमान भएका कारण वातावरण संरक्षणका दृष्टिकोणले वातावरणमा प्रतिकुल प्रभाव पार्ने प्रकृतिका नभएको र विशेष अनुदान माग गर्नका लागि प्रस्ताव गरिएका योजना/कार्यक्रम सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा, लैङ्गिक समानता र लक्षित वर्गको उत्थान गर्ने चालु प्रकृतिका कार्यक्रम भएकोले वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक नपर्ने व्यहोरा प्रमुख प्रशासकीय अधिकृत मार्फत राष्ट्रिय योजना आयोगलाई सिफारिस गर्ने ।

निर्णय नं. ३ :

तमानखोला गाउँपालिकाले आ.व. २०८१/८२ को दोस्रो चौमासिकमा सम्पन्न गरेका गतिविधिका सम्बन्धमा दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८१ साल फागुन २७ गते दिन तमानखोला गाउँपालिका, वडा नं. २ नावाङमा आयोजना गर्ने ।

निर्णय नं. ४ :

तमानखोला गाउँपालिकाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार धौलागिरी बहुमुखि क्याम्पसमा तमानखोला छात्रवृत्ति सहयोग कार्यक्रमका लागि विनियोजित रु. ५ लाख र निसिभुजी जनता क्याम्पसमा तमानखोला छात्रवृत्ति सहयोग कार्यक्रमका लागि विनियोजित रु. ३ लाख रकम गाउँपालिकाले छनौट गरी पठाएका उक्त क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि सम्बन्धित क्याम्पसलाई अनुदानका रुपमा एकमुष्ठ उपलब्ध गराउने ।

निर्णय नं. ५ :

बैठकमा पेश भएका तमानखोला गाउँपालिका दलित विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८१ र तमानखोला गाउँपालिका आदिवासी जनजाती विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८१ स्वीकृत गर्ने ।

निर्णय नं. ६ :

बैठकमा पेश भएको तमानखोला गाउँपालिकाको स्वास्थ्य संस्थाको सामाजिक परीक्षण कार्यविधि, २०८१ स्वीकृत गर्ने ।

निर्णय नं. ७ :

आ.व. २०८१/८२ को अघिल्लो बैठक देखि हालसम्म तमानखोला गाउँपालकाको गाउँपालिका स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समिति र वडा स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका तपसिलका योजनाहरुको अनुगमन तथा सुपरीवेक्षण

CamScanner

प्रतिवेदनहरु यस बैठकमा प्रस्तुत तथा छलफल भई उक्त प्रतिवेदनहरु स्वीकृत गरी अन्तिम भुक्तानीका लागि सिफारिस गर्ने तथा अन्तिम भुक्तानी भएका योजनाहरु अनुमोदन गर्ने ।

क) गाउँपालिका स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका योजनाहरु : २ वटा (वडा नं. १)

ख) वडा नं. १ को वडा स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका योजनाहरु : ३ वटा

निर्णय नं. ८ :

तमानखोला गाउँपालिकाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा समावेशीकरण, गरिवी तथा कला संस्कृती अन्तर्गत महिला विकास कार्यक्रमका लागि रु. १८ लाख विनियोजन भएकोमा गाउँ कार्यपालिकाको मिति २०८१/०५/२६ गतेको निर्णयानुसार तिजसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न रु. २ लाख ६५ हजार खर्च गर्ने गरी दायित्व सिर्जना भएको हुँदा बाँकी रहेको बजेट रु. १५ लाख ३५ हजार तपसिल बमोजिम कार्यक्रम गर्ने गरी बाँडफाँट गर्ने ।

| क्र.सं. | कार्यक्रम | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | नारी दिवससँग सम्बन्धित कार्यक्रम | ४,३०, ०००/ | |
| २ | एकल महिलाका लागि जिविकोपार्जनसँग सम्बन्धित सिप तथा क्षमता विकास कार्यक्रम | ३,००,०००/ | |
| ३ | आमा समूहसँग महिला जनप्रतिनिधीहरुको घरदैलो (भेटघाट) कार्यक्रम | ४,४०,०००/ | |
| ४ | आमा समूहका प्रतिनिधी तथा महिला जनप्रतिनिधीहरुको लागि नीति, कार्यक्रम तथा बजेट र कानून निर्माण सम्बन्धी अभिमुखिकरण कार्यक्रम | २,००,०००/ | |
| ५ | महिलाका लागि उद्घोषण (प्रस्तुतिकरण) सिप विकास कार्यक्रम | १,६५,०००/ | |

निर्णय नं. ९ :

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ मा तमानखोला गाउँपालिकामा प्राप्त बजेट (आई. डि. ए. र नेपाल सरकार) अनुसूची १ बमोजिमका गाउँपालिका अन्तर्गत वडाका योजनाहरुमा बाँडफाँट गर्ने ।

CamScanner

निर्णय नं. १० :

तमानखोला गाउँपालिका वडा नं. १, बोङ्गादोभान स्थित ५ शैयाको तमानखोला आधारभूत अस्पतालमा मेडिकल अधिकृत पद १ को अस्थायी दरबन्दी सिर्जना गरी रिक्त रहेको उक्त पदमा तमानखोला गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि (पहिलो संशोधन समेत), २०७७ बमोजिम करार सेवाबाट पदपुर्तिका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने ।

CamScanner

अनुसूची १
(निर्णय नं. ३ संग सम्बन्धित)

आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन हुने प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरु

| सि.न. | आयोजनाहरु | वेरोजगार संख्या | आयोजना बजेट | बजेट स्रोत | वेरोजगार | वडा न. | रकम(रु) |
|---|---|---|---|---|---|---|---|
| १ | रोजगारी सृजना अनुदान | | 110800 | नेपाल सरकार | आवश्यकता अनुसार | पालिका | ११०८०० |
| २ | भिकोस देखि हरिखोरे सम्म गोरेटो बाटो निर्माण | 3 | 208800 | आ.डि.ए | 10 तालिम मा सहभागि संख्या ६ | १ | ६,९६,००० |
| ३ | हिजा गोरेटो बाटो निर्माण | 3 | 208800 | नेपाल सरकार | | | |
| ४ | बेसि कोरेलीबाङ गोरेटो बाटो निर्माण | 1 | 69600 | नेपाल सरकार | | | |
| ५ | स्याउला देखी ढोमै घाट जोड्ने गोरेटो बाटो | 3 | 208800 | आ.डि.ए | | | |
| | | 10 | 696000 | | | | |
| ६ | मन्सुङदेखी सिलगुम जोड्ने पदमार्ग | 2 | 139200 | आ.डि.ए | 13 तालिम मा 10 जना | २ | ९,०४,८०० |
| ७ | बोङ्गाखानि देखि भुमेथान जोड्ने पदमार्ग | 4 | 278400 | आ.डि.ए | | | |
| ८ | महन्गा बस्ति हुँदै नवाङ जोड्ने गोरेटो बाटो मर्मत | 2 | 139200 | आ.डि.ए | | | |
| ९ | खल्लेबोट देखि सिउँरिभिर पदमार्ग | 2 | 139200 | आ.डि.ए | | | |
| १० | लाम्जागैरा हासुर्के ग्याविन ज्यालि मर्मत | 3 | 208800 | नेपाल सरकार | | | |
| | | 13 | 904800 | | | | |
| ११ | सुलडाँडा रोका डेरा नारायण चौतारा गोरेटो बाटो मर्मत | 3 | 208800 | आ.डि.ए | 11 तालिममा ११ जना | ३ | ७६५,६०० |
| १२ | हिले गाँउ गोरेटो बाटो निर्माण | 8 | 556800 | आ.डि.ए | | | |
| | | 11 | 765600 | | | | |
| १३ | वडा नं. ४ खानेपानी पाइपलाईन निर्माण | 5 | 348000 | आ.डि.ए | 9 तालिममा ९ जना | ४ | ६,२६,४०० |
| १४ | वडा नं. ४ गोरेटो बाटो मर्मत | 3 | 208800 | आ.डि.ए | | | |
| १५ | लाम्मेला गाँउ बस्ति संरक्षण | 1 | 55200 | आ.डि.ए | | | |
| | लाम्मेला गाँउ बस्ति संरक्षण | 1 | 14400 | नेपाल सरकार | | | |
| | | 9 | 626400 | | | | |
| १६ | थास्पुरि खेलमैदान निर्माण | 4 | 278400 | नेपाल सरकार | १४ तालिममा 3 जना | ५ | 974400 |
| १७ | थास्पुरि सामुदायिक भवन निर्माण | 1 | 69600 | नेपाल सरकार | | | |
| १८ | देउरालि प्रा.वि. शौचालय निर्माण तथा व्यवस्थापन | 3 | 208800 | नेपाल सरकार | | | |
| १९ | खुँखानी पदमार्ग निर्माण कर्मागत | 3 | 208800 | नेपाल सरकार | | | |
| २० | ड्राई नालि निर्माण खुखानी सडक खण्ड | 3 | 208800 | आ.डि.ए | | | |
| | | 14 | 974400 | | | | |
| २१ | विष्णु आ.वि देखि किम्चोर पदमार्ग निर्माण | 3 | 208800 | नेपाल सरकार | 10 जना | ६ | ६,९६,००० |
| २२ | भैसिठान देखि खोप्खेल्ना सम्म पदमार्ग निर्माण | 5 | 348000 | नेपाल सरकार | | | |
| २३ | खालिखोलादेखि स्वारा सम्म पदमार्ग | 1 | 69600 | नेपाल सरकार | | | |
| २४ | ठुलसरा ग्याविन जाली | 1 | 69600 | नेपाल सरकार | | | |
| | | 10 | 696000 | नेपाल सरकार | | | |
| | | 4732800 | | | | | |
| | जम्मा | | | (६८) तालिम मा ३९ जना | | | ४७,७४,००० |